# Diktel Multiple Campas

**DiktelRupakotMajhuwagadhi Municipality-2, Diktel, Khotang**

## Health, Environment, Sanitation and Social Safeguard Guideline- 2082

**Health,Environment, Sanitation and Social Safeguard Committee**
**Diktel Multiple Campus**
**2082**

## विषयक्रम

परिचय........1

२. गठन प्रक्रिया........1

२.१ सदस्यता संरचना (७ सदस्यीय):........1

२.२ कार्यकाल र पुनर्गठनः........2

२.३ बजेट र स्रोतः........2

३. उद्देश्यहरू........2

४. कार्यक्षेत्र र जिम्मेवारीहरू........2

४.१ वातावरणीय व्यवस्थापन........2

क्याम्पसको SWOT विश्लेषण........3

वातावरण सम्बन्धी दिशानिर्देश........4

प्राथमिक उपचार सम्बन्धी दिशानिर्देश........5

संरचना निर्माण सम्बन्धी दिशानिर्देश........5

लैङ्गिक पक्ष सम्बन्धी दिशानिर्देश........6

निष्कर्ष........6

Diktel Multiple Campus
दिक्तेल बहुमुखी क्याम्पस
Diktel, Khotang दिक्तेल, खोटाङ
1980 A.D. २०३७ वि.सं.

## दिक्तेल बहुमुखी क्याम्पस, दिक्तेल, खोटाङ

## वातावरण तथा सामाजिक सुरक्षा समितिको निर्देशिका -२०८२

### परिचय

त्रिभुवन विश्वविद्यालयबाट सम्वन्धन प्राप्त खोटाङ जिल्लाको सवैभन्दा पुरानो तथा बढी शैक्षिक कार्यक्रमहरु संचालन गर्दै आएको यस दिक्तेल बहुमुखी क्याम्पसले क्याम्पसको प्रशासनिक, शैक्षिक, भौतिक तथा मनोरञ्जनात्मक क्षेत्रको विकास एवं सुधारका माध्यमबाट सम्पूर्ण सरोकारवालाहरुलाई जवाफदेही र पारदर्शिताको प्रत्याभूति गराई दिक्तेल बहुमुखी क्याम्पसलाई एक गुणस्तरीय शैक्षिक संथाको रुपमा परिचित गराउदै आफ्ना काम, कर्तब्य र अधिकारलाई अगाडि बढाउन दिक्तेल कहुमुखी क्याम्पसको संचालन बिधान २०७५ दफा ११६ र १३० ले दिएको अधिकारको प्रयोग गरी क्याम्पस संचालक समितिले दिक्तेल बहुमुखी क्याम्पस "**वातावरण तथा सामाजिक सुरक्षा समितिको निर्देशिका -२०८२**"तयार गरी संचालन पश्चात सोही बमोजिम दिक्तेल बहुमुखी क्याम्पस"**वातावरण तथा सामाजिक सुरक्षा समितिको निर्देशिका -२०८२**" जारी गरी लागू गरीएको छ ।

दिक्तेल बहुमुखी क्याम्पस (Diktel Multiple Campus (DMC), खोटाङ जिल्लाको दिक्तेलमा अवस्थित एक सामुदायिक तथा गैर-नाफामूलक शैक्षिक संस्था हो । यो क्याम्पस २०३७ सालमा स्थापना भएको हो र त्रिभुवन विश्वविद्यालयसँग सम्बद्ध छ । यो पूर्वी पहाडी जिल्लाहरू खोटाङ, ओखलढुंगा, सोलुखुम्बु र भोजपुर समेतमा उच्च शिक्षा प्रदान गर्ने एक उच्च शैक्षिक संस्था हो । विश्वविद्यालय अनुदान आयोग (UGC), नेपालबाट २०२४ ई.मा गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) प्रमाणीकरण प्राप्त गरेको यो क्याम्पसले स्नातक तहमा B.A, B.Ed. र B.B.S.तथा स्नातकोत्तर तहमा M.A. (नेपाली र समाजशास्त्र) तथा M.Ed.(नेपाली र शैक्षणिक योजना तथा व्यवस्थापन) कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

क्याम्पसको कुल क्षेत्रफल ३५-१-२-३ रोपनी छ, जसमा १९ भवनहरू छन् (४ पक्की र १५ कच्ची)। हाल करिव १००० नियमित विद्यार्थीहरू छन्, तर विद्यार्थी भर्ना दर घट्दै गएको छ । क्याम्पसले गुणस्तरीय शिक्षा, भौतिक विकास, सामाजिक उत्तरदायित्व र आर्थिक स्थिरताका लागि विभिन्न योजना लागू गर्दै आएको छ । यस सन्दर्भमा, क्याम्पसमा गठित वातावरण तथा सामाजिक सुरक्षा समितिले वातावरण संरक्षण, प्राथमिक उपचार, संरचना निर्माण र लैङ्गिक पक्षहरूलाई सम्बोधन गर्ने गरी काम गर्दछ । यो निर्देशिका समितिको कार्यक्षेत्र, दायित्व र मार्ग दर्शनका लागि तयार पारिएको हो ।

### २. गठन प्रक्रिया

समितिको गठन क्याम्पस सञ्चालक समितिको बैठकबाट गरिनेछ । गठन प्रक्रिया निम्नानुसार हुनेछः

**२.१ सदस्यता संरचना (७ सदस्यीय):**



Diktel Multiple Campus
दिक्तेल बहुमुखी क्याम्पस
Diktel, Kholang दिक्तेल, खोटाङ
1980 A.D. २०३७ वि.सं.

क, अध्यक्ष: **क्याम्पस प्रमुख वा निजले मनोनयन गरेको प्राध्यापक ।**

**ख, उपाध्यक्ष:** महिला प्राध्यापक वा कर्मचारी (लैङ्गिक समावेशिता सुनिश्चित गर्न) ।
**ग, सदस्य सचिव:** प्राध्यापकहरु मध्ये ।
घ, सदस्यहरू (४जना):
अ, १ जना प्राध्यापक (वातावरण/विज्ञान र सामाजिकशास्त्र विषयबाट) ।
आ, २ जना विद्यार्थी प्रतिनिधि (एक पुरुष, एक महिला; स्नातक र स्नातकोत्तरबाट) ।
इ, १ जना प्राथमिक उपचार विज्ञ प्रतिनिधि (प्राध्यापक वा कर्मचारी) ।

**२.२कार्यकाल र पुनर्गठन:**

क, कार्यकाल: ३ वर्षको हुनेछ ।
ख, बैठक: त्रैमासिक अनिवार्य, आवश्यकता अनुसार अतिरिक्त समयमा बस्न सक्नेछ ।
ग, पद रिक्त भए ३० दिन भित्र पूर्ति गरिनेछ ।

**२.३ बजेट र स्रोत:**

- क्याम्पस वार्षिक बजेटको १% समितिका लागि छुट्ट्याउने ।
- यूजीसी अनुदान, स्थानीय सरकार र दातृ निकायबाट सहयोग ।

## ३. उद्देश्यहरू

समितिको मुख्य उद्देश्य क्याम्पसलाई वातावरण मैत्री, सामाजिक रूपमा सुरक्षित, स्वास्थ्यप्रति सचेत र लैङ्गिक समानतायुक्त बनाउनु हो । विशिष्ट उद्देश्यहरू:

- वातावरणीय जोखिम न्यूनीकरण र जैविक विविधता संरक्षण ।
- प्राथमिक उपचार सुविधा विस्तार र स्वास्थ्य जागरण ।
- संरचना निर्माणमा हरित प्रविधि र सुरक्षित डिजाइन ।
- लैङ्गिक हिंसा न्यूनीकरण, समानतार समावेशिता प्रवर्द्धन ।
- विद्यार्थी, कर्मचारी र समुदायलाई जोखिम व्यवस्थापन तालिम ।
- नियमित अनुगमन र रिपोर्टिङबाट दिगो विकास ।

## ४. कार्यक्षेत्र र जिम्मेवारीहरू

समितिले निम्न क्षेत्रहरूमा काम गर्नेछ:

**४.१ वातावरणीय व्यवस्थापन**

- क्याम्पस पहाडी क्षेत्रमा भएकाले जलवायु परिवर्तन (भूस्खलन, सुख्खा) को उच्च जोखिमछ ।
- नीति: वातावरण संरक्षण ऐन अनुसार हरियो क्याम्पस (Green Campus) नीति लागू ।

यसमा क्याम्पसको Strength, Weaknesses, Opportunities and Threats ( SWOT) विश्लेषण समेत समावेश गरिएको छ ।



Diktel Multiple Campus
दिक्तेल बहुमुखी क्याम्पस
Diktel, Kholang दिक्तेल, खोटाङ
1980 A.D. २०३७ वि.सं.

## क्याम्पसको SWOT विश्लेषण

क्याम्पसको वर्तमान स्थिति, चुनौतीहरू र अवसरहरू बुझ्नका लागि SWOT विश्लेषण गरिएको छ। यो विश्लेषण क्याम्पसको वार्षिक प्रतिवेदन, रणनीतिक योजना र UGC को प्रत्यायन प्रक्रियामा आधारित छ।

### Strengths (सबल पक्षहरू):

- UGC बाट सन् २०२४ माQAA प्रमाणीकरण प्राप्त, जसले क्याम्पसको गुणस्तर प्रमाणित गर्दछ।
- २०२२-२०३२ को दशवर्षीय रणनीतिक योजना र दिगो विकासका लागि मास्टर प्लान तयार।
- UGC को Nurturing Excellence in Higher Education Program (NEHEP) अन्तर्गत Equity Grants, Digitalization Performance Grants र Performance Based Grants प्राप्त।
- शिक्षक प्रशिक्षण, कार्यशाला र प्रकाशनहरू (वार्षिक प्रतिवेदन, नयाँकदम पत्रिका, DMC जर्नल, Tracer Study Report) मार्फत गुणस्तर वृद्धि।
- समुदाय, स्थानीय सरकार र सरोकारवालाहरूसँग बलियो सम्बन्ध, जसले स्थापना र विकासमा योगदान दिएको छ।
- ICT सुविधा: ३९ कम्प्युटर, इन्टरनेट, १५ प्रोजेक्टर, स्मार्ट बोर्ड, CC क्यामेरा र सोलार पावर।
- पुस्तकालयमा २४,७७७ पुस्तकहरू र ई-लाइब्रेरी।

### Weaknesses (कमजोरीहरू):

- मानव संसाधनको अभाव:शिक्षक र प्रशासनिक कर्मचारीहरूमा ओभरलोड, आंशिक तलब भुक्तानी।
- भौतिक पूर्वाधार अपर्याप्त: ८९ कोठा मध्ये २३ मात्र कक्षा कोठा, अन्य शिक्षण-अनुकूल छैनन्।
- थप पुस्तकालय व्यवस्थापन आवश्यक।
- जमिनको पूर्ण उपयोग नहुनु: ३५ रोपनी जमिन मध्ये धेरै उत्पादनशील छैन।
- वित्तीय सङ्कट: बजेट घाटा, तलब भुक्तानीमा समस्या।
- पुराना फर्निचर र भवनहरूको मर्मत आवश्यक।
- विद्यार्थी ड्रपआउट र उपस्थिति समस्या।

### Opportunities (अवसरहरू):

Diktel Multiple Campus
दिक्तेल बहुमुखी क्याम्पस
Diktel, Khotang दिक्तेल, खोटाङ
1980 A.D. २०३६ वि.सं.

- स्थानीय तथा प्रादेशिक सरकारबाट पूर्वाधार समर्थन (जस्तैः प्रदेश सरकारबाट कम्पाउन्डिङ, स्थानीय सरकार तथा UGC बाट RCC भवन निर्माण) ।
- NEHEP अनुदान र पुनःप्रत्यायन प्रक्रियाबाट थप संसाधन ।
- समुदायसँग सहकार्यः सडक निर्माण, विपद् पीडित सहयोग, स्वास्थ्य शिविर तथा सौन्दर्य प्रर्वद्धन ।
- प्रादेशिक विश्वविद्यालय स्थापनामा संलग्नता ।
- यातायात, सञ्चार र लचिलो शिक्षा नीतिबाट पूर्वी जिल्लाहरूमा विस्तार ।
- व्यावसायिक तथा प्राविधिक कार्यक्रमहरू थप्ने अवसर ।
- सरोकारवालाहरूसँग सम्बन्ध विस्तारः पूर्व विद्यार्थी, शिक्षकहरूको भेला ।

**Threats (चुनौतीहरू):**

- विद्यार्थी भर्ना घट्दो क्रमः२०७८/७९ मा ८९३ बाट २०८०/८१ मा ६६८, जसले आर्थिक स्रोत घटाउँछ ।
- सरकारी तथा निजी क्याम्पसहरूको तुलनामा स्रोत अभाव ।
- विश्व व्यापिकरण र प्रविधि परिवर्तनसँग तालमेल मिलाउन कठिनाई ।
- प्राकृतिक जोखिमः भौगोलिक अवस्था (भिरालो जमिन, पुराना भवन) ।
- नियमितआर्थिक समर्थनको अभाव (UGCअनुदान र शुल्कबाहेक)।
- लैङ्गिक भेदभाव, हिंसा जस्ता सामाजिक समस्या ।

यो SWOT विश्लेषणले क्याम्पसलाई रणनीतिक योजना कार्यान्वयन गर्न निर्देशित गर्दछ । समितिले यसलाई आधार मानेर वातावरण र सामाजिक सुरक्षाका लागि कार्यक्रमहरू तय गर्नुपर्दछ ।

## वातावरण सम्बन्धी दिशा निर्देश

वातावरण संरक्षण क्याम्पसको दिगो विकासको आधार हो । समितिले निम्नानुसार कार्य गर्दछः

**१. हरित क्याम्पस नीतिः** क्याम्पसलाई प्लास्टिक-मुक्त क्षेत्र घोषणा गर्ने । फोहोर व्यवस्थापनका लागि अलग-अलग डब्बा (जैविक/अजैविक) राख्ने । वृक्षारोपण कार्यक्रम सञ्चालन गरी क्याम्पस क्षेत्रमा ५०० बिरुवा रोप्ने लक्ष्य राख्ने । जलवायु परिवर्तन सम्बन्धी जागरण कार्यक्रमहरू (सेमिनार, कार्यशाला) आयोजना गर्ने ।

**२. ऊर्जा तथा जल संरक्षणः** सोलार प्यानल (हालका १ बाट वृद्धि गरी ५) जडान गर्ने । वर्षाको पानी सङ्कलन प्रणाली विकास तथा बिजुली बचतका लागि LED बल्ब र सेन्सर लाइट प्रयोग गर्ने ।



Diktel Multiple Campus
दिक्तेल बहुमुखी क्याम्पस
Diktel, Khotang दिक्तेल, खोटाङ
1980 A.D. 2037 वि.सं.

३. **वातावरणीय प्रभाव मूल्याङ्कन:** नयाँ संरचना निर्माण अघि EIA (Environmental Impact Assessment) गर्ने । क्याम्पसको जमिनको ढलान स्थिरता जाँचगर्न विशेषज्ञ टोली गठन गर्ने ।

४. **समुदाय सहभागिता:** वन विभागसँग मिलेर वन संरक्षण कार्यक्रम तथा फोहोर सफाइ अभियान र जलवायु परिवर्तन कार्यक्रम सञ्चालन गर्ने ।

५. निगरानी तथा रिपोर्टिङ: वार्षिक वातावरणीय अडिट गर्ने । UGC र स्थानीय सरकारलाई रिपोर्ट पेस गर्ने ।

यी दिशा निर्देशहरूले क्याम्पसलाई पर्यावरण-अनुकूल बनाउँन सघाउने छ ।

## प्राथमिक उपचार सम्बन्धी दिशा निर्देश

प्राथमिक उपचारले क्याम्पसमा सुरक्षा सुनिश्चित गर्दछ । समितिले निम्नकार्य गर्दछ:

१. **प्राथमिकउपचार किट:** प्रत्येक भवनमा स्ट्यान्डर्ड किट (ब्यान्डेज, एन्टिसेप्टिक, दुखाइकम गर्ने औषधि, स्ट्रेचर, मास्क) राख्ने । किटको नियमित जाँच गर्ने ।

२. **प्रशिक्षण कार्यक्रम:** शिक्षक, कर्मचारी र विद्यार्थीहरूका लागि वार्षिक प्राथमिक उपचार प्रशिक्षण (CPR, घाउ उपचार, ज्वरो व्यवस्थापन) । रेडक्रससँग सहकार्य गर्ने ।

३. **आपतकालीन योजना:** आपतकालीन नम्बरहरू (अस्पताल, एम्बुलेन्स) प्रदर्शन गर्ने । स्वास्थ्य शिविर आयोजना गर्ने ।

४. **कोभिड तथा महामारी सुरक्षा:** ह्यान्ड स्यानिटाइजर, मास्क वितरण तथा क्वारेन्टाइन क्षेत्र व्यवस्था गर्ने ।

५. **रेकर्ड तथा फलोअप:** दुर्घटना रेकर्ड राख्ने । प्रभावितलाई सहयोगगर्ने ।

यी उपायहरूले क्याम्पसलाई सुरक्षित बनाउँछ ।

## संरचना निर्माण सम्बन्धी दिशा निर्देश

संरचना निर्माणले क्याम्पसको भौतिक विकास सुनिश्चित गर्दछ । समितिले निम्नानुसार मार्गदर्शन गर्दछ:

१. **योजनातथा डिजाइन:** नयाँ भवनहरू RCC (Reinforced Concrete Cement) मापदण्ड अनुसार । मास्टर प्लान अनुरूप निर्माण (जस्तै: हालको RCC भवन निर्माण प्रक्रिया) ।

२. **सुरक्षा मापदण्ड:** भूकम्प-प्रतिरोधी डिजाइन तथा निर्माण सामग्रीको गुणस्तर जाँच ।

३. **पर्यावरण-अनुकूल निर्माण:** हरित सामग्री प्रयोग (इको-फ्रेन्डली ईंट, सोलार ऊर्जा) तथा निर्माण फोहोर व्यवस्थापन ।



Diktel Multiple Campus
दिक्तेल बहुमुखी क्याम्पस
Diktel, Khotang दिक्तेल, खोटाङ
1980 A.D. 2036 वि.सं.

**४. बजेट तथा अनुगमनः** UGC, स्थानीय सरकार र समुदायबाट फन्ड तथा निर्माण समिति गठन गरी अनुगमन ।

**५. समावेशिताः** निर्माणमा अपाङ्ग-अनुकूल र्‍याम्प, शौचालय ।

यी दिशा निर्देशहरूले दिगो संरचना सुनिश्चित गर्दछ ।

## लैङ्गिक पक्ष सम्बन्धी दिशा निर्देश

लैङ्गिक समानता क्याम्पसको सामाजिक उत्तरदायित्व हो । समितिले निम्न कार्य गर्दछः

**१. समानता नीतिः** विद्यार्थी भर्ना, छात्रवृत्ति र रोजगारीमा लैङ्गिक भेदभाव नगर्ने । महिला सशक्तीकरण कार्यक्रम ।

**२. हिंसा रोकथामः** यौन दुर्व्यवहार नीति लागू , शिकायत समिति गठन, जागरण कार्यक्रम (लैङ्गिक हिंसा, बाल अधिकार) ।

**३. समावेशी वातावरणः** महिला/पुरुष शौचालय अलग, महिला छात्रावास निर्माण, लैङ्गिक अध्ययन व्यवस्थापन ।

**४. समुदाय सहभागिताः** लैङ्गिक भेदभाव विरुद्ध आउटरीच तथा महिला दिवस कार्यक्रम ।

**५. निगरानीः** वार्षिक लैङ्गिक अडिट तथा UGC लाई रिपोर्ट ।

यी उपायहरूले समावेशी क्याम्पस निर्माण गर्दछ ।

## निष्कर्ष

यो निर्देशिका वातावरण तथा सामाजिक सुरक्षा समितिका लागि मार्गदर्शक हो । SWOT विश्लेषणलाई आधार मानेर कार्यक्रमहरू कार्यान्वयन गर्दा क्याम्पस दिगो र गुणस्तरीय बन्दछ । समितिले वार्षिक समीक्षा गर्दै UGC, स्थानीय सरकार र समुदायसँग सहकार्यबाट यसले क्याम्पसलाई प्रतिष्ठित संस्था बनाउँछ ।

Diktel Multiple Campus
दिक्तेल बहुमुखी क्याम्पस
Diktel, Khotang दिक्तेल, खोटाङ
1980 A.D. २०३७ वि.सं.